२०८० सालको ऐन नं. २

हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ७ | सङ्ख्याः २ | मितिः २०८०।०३।१६

## भाग- २

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका
## खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विनियोजन ऐन, २०८०

**प्रस्तावनाः**

हेटौडा उप महानगरपालिका, मकवानपुर २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हेटौडा उप महानगरपालिका, मकवानपुरको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "हेटौडा उपमहानगरपालिका विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि हेटौंडा उपमहानगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **२,६८,६०,१०,८००.०० (अक्षेरुपी दुइ अर्ब अठसठ्ठी करोड साठ्ठी लाख दश हजार आठ सय मात्र ।)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त हेटौडा उपमहानगरपालिका नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

हेटौंडा राजपत्र

अनुसूची-१

दफा (२) सँग सम्बन्धित

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

## आ.व. २०८०/०८१ को क्षेत्रगत प्रस्तावित व्यय अनुमान

| सि.नं. | शीर्षक | आ.व. २०८०/०८१ को अनुमान |
|---|---|---|
| **1** | **कार्यालय संचालन तथा प्रशासनिक खर्च** | **334,069,000.00** |
| **2** | **आर्थिक विकास तर्फ** | **116,100,000.00** |
| 2.1 | कृषि तर्फको सशर्त कार्यक्रम | 8,300,000.00 |
| 2.2 | कृषि तर्फको आन्तरीक बजेट | 42,100,000.00 |
| 2.3 | पशु तर्फको सर्शत | 3,600,000.00 |
| 2.4 | पशु तर्फ आन्तरीक बजेट | 20,000,000.00 |
| 2.5 | उद्योग वाणिज्य तथा आपुर्ति तर्फ आन्तरिक बजेट | 5,500,000.00 |
| 2.6 | पर्यटन तर्फको आन्तरिक बजेट | 12,000,000.00 |
| 2.7 | सहकारी तर्फको आन्तरिक बजेट | 1,800,000.00 |
| 2.8 | अव्यवस्थित बसोबास तथा भुमि समस्या समाधान आयोजना सम्बन्धित कार्य | 2,500,000.00 |
| 2.9 | रोजगार प्रवर्द्धन कार्यक्रम सशर्त | 6,900,000.00 |
| 2.10 | प्रधानमन्त्री रोजगार कार्यक्रम सशर्त | 3,100,000.00 |
| 2.11 | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना सशर्त | 5,400,000.00 |
| 2.12 | राजस्व परिचालन तथा वित्तीय व्यवस्थापन सञ्चालन | 3,700,000.00 |
| 2.13 | लघु उद्यम विकास कार्यक्रम सशर्त | 1,200,000.00 |
| **3** | **सामाजिक विकास तर्फ** | **929,200,000.00** |
| 3.1 | शिक्षा तर्फ आन्तरीक बजेट | 55,300,000.00 |
| 3.2 | शिक्षा तर्फको सशर्त बजेट | 710,200,000.00 |
| 3.3 | स्वास्थ्य तर्फ आन्तरिक बजेट | 16,000,000.00 |

| | | |
|---|---|---|
| 3.4 | स्वास्थ्य तर्फ सशर्त बजेट | 53,000,000.00 |
| 3.5 | संस्कृति प्रवर्द्धन कार्यक्रम तर्फ आन्तरिक बजेट | 24,750,000.00 |
| 3.6 | खेलकुद तथा मनोरञ्जन सशर्त बजेट | 100,000.00 |
| 3.7 | युवा तथा खेलकुद तर्फ आन्तरिक बजेट | 29,700,000.00 |
| 3.8 | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम सशर्त | 800,000.00 |
| 3.9 | महिला तथा बालबालिका, अपाङ्ग र जेष्ठ नागरिक तर्फको आन्तरिक बजेट | 15,150,000.00 |
| 3.10 | लै.स.सा.स. समाज कल्याण आन्तरिक बजेट | 14,200,000.00 |
| 3.11 | न्यायिक समिति सञ्चालन/व्यवस्थापन खर्च | 10,000,000.00 |
| **4** | **पुर्वाधार विकास तर्फ** | **376,900,000.00** |
| 4.1 | पूर्वाधार विकास तर्फ सशर्त | 41,100,000.00 |
| 4.2 | पूर्वाधार विकास तर्फ आन्तरिक बजेट | 334,300,000.00 |
| 4.3 | भवन सहरी विकास तर्फ आन्तरिक बजेट | 1,500,000.00 |
| **5** | **वन वातावरण तथा विपद व्यवस्थापन समिति तर्फ** | **71,502,600.00** |
| 5.1 | वन तथा भु-संरक्षण आन्तरिक बजेट | 2,300,000.00 |
| 5.2 | वातावरण संरक्षण | 1,100,000.00 |
| 5.3 | फोहर मैला व्यवस्थापन | 31,500,000.00 |
| 5.4 | विपद् जोखिम न्यूनिकरण | 2,000,000.00 |
| 5.5 | जल उत्पन्न प्रकोप नियन्त्रण | 1,300,000.00 |
| 5.6 | सरसफाई र फोहर व्यवस्थापन तलब/भत्ता | 23,358,600.00 |
| 5.7 | वारुण यन्त्र सञ्चालन तथा ब्यबस्थापन-तलब भत्ता | 7,944,000.00 |
| 5.8 | ढल तथा नाला ब्यबस्थापन-पूर्वाधार | 2,000,000.00 |
| **6** | **सुशासन तथा संस्थागत विकास** | **44,619,200.00** |
| 6.1 | सुशासन प्रवर्द्धन | 3,400,000.00 |
| 6.2 | संस्थागत क्षमता विकास | 1,000,000.00 |
| 6.3 | सेवा प्रवाह तर्फ | 1,500,000.00 |
| 6.4 | सूचना व्यवस्थापन | 1,500,000.00 |
| 6.5 | सूचना प्रविधिको प्रयोग र व्यवस्थापन | 4,300,000.00 |
| 6.6 | अन्तर निकाय समन्वय | 7,000,000.00 |

| | | |
|---|---|---|
| 6.7 | स्थानीय योजना र तथ्यांक | 1,500,000.00 |
| 6.8 | सामाजिक सूरक्षा र पञ्चिकरण व्यवस्थापन | 1,100,000.00 |
| 6.9 | सुरक्षा व्यवस्थापन तलब भत्ता | 18,119,200.00 |
| 6.10 | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सशर्त कार्यक्रम | 900,000.00 |
| 6.11 | सुशासन पूर्वाधार | 4,300,000.00 |
| 7 | नगर स्तरीय योजनाहरु | 429,620,000.00 |
| 8 | वडागत सिलिङ्गका लागि बाँकी रकम | 384,000,000.00 |
| | कूल जम्मा बजेट | 2,686,010,800.00 |

# हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय मकवानपुर

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आ.व. : २०८०/८१

| सि.नं. | शीर्षक | २०८०/८१ को प्रस्तावित अनुमान |
|---|---|---|
| | आय (१+२) | 2,686,010,800.00 |
| 1 | राजस्व (क+ख+ग) | 1,428,072,800.00 |
| क | आन्तरिक श्रोत | 836,562,070.00 |
| | ११३१३ एकीकृत सम्पती कर | 60,000,000.00 |
| | ११३१४ भुमिकर/मालपोत | 50,000.00 |
| | ११३२१ घरवहाल कर | 45,000,000.00 |
| | ११३२२ वहाल विटौरी कर | 20,000,000.00 |
| | ११४५१ सवारी साधन कर (साना सवारी) | - |
| | ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | 30,000,000.00 |
| | १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | 500,000.00 |
| | १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | 1,200,000.00 |
| | १४२१८ विद्युत सेवा शुल्क | 1,800,000.00 |
| | १४२१९ अन्य सेवा शुल्क तथा बिक्री (अन्य शिर्षक टुक्राउनु पर्ने) | 9,000,000.00 |

| | | |
|---|---|---|
| | १४२१९ शौचालय,भुमिगत ढल, कवाडि संकलन | 9,000,000.00 |
| | १४२२१ न्यायिक दस्तूर | 5,000.00 |
| | १४२२३ शिक्षा क्षेत्रको आम्दानी | 500,000.00 |
| | १४२४२ नक्सापास दस्तुर | 25,000,000.00 |
| | १४२४३ सिफारिश दस्तुर | 25,000,000.00 |
| | १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | 1,500,000.00 |
| | १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | 10,000,000.00 |
| | १४३१३ धरौटी सदरस्याहा | 20,000.00 |
| | १४६११ व्यवसाय कर | 20,000,000.00 |
| | ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति-नगर विकास कोष | 54,000,000.00 |
| | ३२१२२ बैंक मौज्दात | 523,787,070.00 |
| | ३३३९१ अन्य बाँडफाँड हुने राजश्व संकलन | 200,000.00 |
| ख | राजस्व बाँडफाँडबाट प्राप्त रकम | 591,410,730.00 |
| | ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | 215,000,000.00 |
| | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | 216,299,000.00 |
| | ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | - |
| | ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | 107,361,730.00 |
| | ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | 150,000.00 |
| | ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | 2,000,000.00 |
| | 14173 अन्य मनोरञ्जन कर | 100,000.00 |
| | १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | 500,000.00 |
| | १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय (सिमेन्ट निकासी समेत) | 50,000,000.00 |
| ग | अन्य आय | 100,000.00 |
| | १४५२९ अन्य राजस्व | 50,000.00 |
| | १५१११ बेरूजू | 50,000.00 |
| 2 | अन्तर सरकारी वित्तीय हस्तान्तरण (ङ+च) | 1,257,938,000.00 |
| घ | संघीय सरकार | 1,145,000,000.00 |

| | | |
|---|---|---|
| | १३३११ समानिकरण अनुदान | 310,400,000.00 |
| | १३३१२ शसर्त अनुदान चालु | 790,400,000.00 |
| | १३३१३ शसर्त अनुदान पुँजीगत | 17,200,000.00 |
| | समपुरक अनुदान- संघिय | 17,500,000.00 |
| | बिशिष अनुदान संघिय | 9,500,000.00 |
| ङ | प्रदेश सरकार | 112,938,000.00 |
| | १३३११ समानिकरण अनुदान | 33,468,000.00 |
| | १३३१२ शसर्त अनुदान | 49,470,000.00 |
| | १३३१६ समपुरक अनुदान पुँजीगत | 30,000,000.00 |
| | बैदेशिक | |
| | जनसहभागिता | |

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र